STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २७५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ कार्तिक ७ गते आइतबार ❑ 24 Oct. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## एमालेले विचार, व्यवहार र आचारणको हिसाबले देशलाई मार्गदर्शन गर्छः अध्यक्ष ओली

**रासस**
**काठमाडौं, ६ कार्तिक**

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले पार्टीलाई एकताबद्ध बनाउनका लागि केन्द्रदेखि वडासम्म सर्वसम्मत बनाउने बताउनुभएको छ।

पार्टीको वडा कमिटीको शनिबार थापाथलीस्थित केन्द्रीय कार्यालयबाट भर्चुअल रूपमा उद्घाटन गर्दै उहाँले पुष्पकमल दाहाल 'प्रचण्ड'को आफ्नो पार्टी र माधवकुमार नेपालले फरक ढङ्गले अलग भएपछि एमाले पार्टी नयाँ ढङ्गले अगाडि बढेको बताउनुभयो । उहाँले भन्नुभयो, "पार्टीभित्र अब ठूला समस्या रहेका छैनन् । यो खुशीको कुरा हो।"

अध्यक्ष ओलीले विगत डेढ वर्षदेखि पार्टीभित्र अत्यन्त गम्भीर समस्या देखिएको उल्लेख गर्दै पार्टीबाट केही समूह अलग भएपछि अहिले ती समस्या आफैँ समाधान भएको बताउनुभयो । "पार्टीमा केही समयअगाडि देखि आन्तरिक विषयलाई बाहिर लगेर छर्ने र विरोधीलाई उत्साहित बनाउने काम भइरहेको थियो," उहाँले भन्नुभयो, "हामीले प्राप्त गरेको लोकतन्त्र र संविधानको रक्षा तथा विकासका प्रयासमा व्यवधान पुऱ्याउने, देशलाई गम्भीर घाटा र प्रतिगमनमा सहयोग पुऱ्याउने काम भएको थियो । तर पार्टीबाट केही मानिस छोडेर अलग पार्टी बनाएपछि अब पार्टी एक ढिक्का भएको छ ।" अध्यक्ष ओलीले पार्टीविरुद्धको आन्तरिक र बाह्य साँठगाँठले पार्टी सरकारबाट बाहिरिनु परेको उल्लेख गर्दै प्रथम विधान महाधिवेशनले राजनीतिक, साङ्गठनिक र विधान संशोधन प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरेपछि पार्टीलाई थप उर्जा प्राप्त भएको बताउनुभयो । उहाँले बाढी पहिरामा परेकालाई तत्काल क्षतिपूर्ति उपलब्ध गराउन सरकारसँग माग गर्दै बालीनाली नोक्सानले किसानको जनजीवनमा असहजता पैदा भएको र घाइतेको उपचारमा ढिलासुस्ती नगरी जनतालाई राहत सुविधा पुऱ्याउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

वडा कमिटी आधारभूत कमिटी भएको र जननिर्वाचित प्रतिनिधिको कार्यथलोका रूपमा रहेको बताउँदै उहाँले जनतालाई सेवा उपलब्ध गराउनुपर्ने भएकाले वडा कमिटीको बेग्लै महत्व रहेको उल्लेख गर्नुभयो । "वडा कमिटी नेतृत्व विकास, कार्यदक्षता र समावेशी सन्दर्भमा यी अधिवेशनको विशेष महत्व रहेको छ," उहाँले भन्नुभयो । अध्यक्ष ओलीले एमालेले विचार, व्यवहार र आचारणको हिसाबले देशलाई मार्गदर्शन गर्नुपर्ने धारणा राख्नुभयो। उहाँलेसमृद्धिनेपालरसुखीनेपालीको आकाङ्क्षा पूरा गर्ने हिसाबले नमूनाका रूपमा पार्टी अगाडि बढ्नुपर्ने बताउनुभयो । "लोकतन्त्र भनेको कस्तो हुन्छ र कसरी अभ्यास गर्नुपर्दछ", उहाँले भन्नुभयो, "सत्ता र प्रतिपक्षको भूमिका, राजनीतिक दल र तिनका जनवर्गीय सङ्गठनको भूमिका कस्तो हुनुपर्दछ । राज्य र राज्यको अङ्गको भूमिका कस्तो हुनुपर्दछ । त्यसले लोकतन्त्रको सही व्यख्याका साथ अगाडि बढ्ाउनुपर्दछ।"

अध्यक्ष ओलीले पार्टीले स्वच्छता र पारदर्शिता जस्ता कुरा अँगाल्नुपर्नेमा जोड दिदैं एमालेले लोकतन्त्रलाई भन्ने कुरा र अपनाउने कुरालाई फरक नमान्ने बताउनुभयो। "हामी लोकतन्त्रलाई अर्कै स्वच्छचारिता मान्दैनौं", उहाँले भन्नुभयो, "लोकतन्त्र विधि र कानुनको शासन हो। त्यो विधि र रीति पुऱ्याउने कुरा जीवन्त ढङ्गले पालना गर्नुपर्दछ ।" उहाँले लोकतान्त्रिक प्रणालीमा स्वच्छ प्रतिस्पर्धा हुनुपर्ने बताउनुभयो । "प्रतिस्पर्धा अस्वच्छ होइन, स्वच्छ हुनुपर्दछ । जालझेल कपट होइन । राज्यका अङ्गको अनुचित दुरुपयोग गरेर होइन," उहाँले भन्नुभयो, "सबैको सदुपयोग गरेर मात्र लोकतन्त्रको मूल्यमान्यताका आधारमा प्रतिस्पर्धा हुनुपर्दछ।"

अध्यक्ष ओलीले चारैतिरबाट पार्टीको उद्देश्य र आन्दोलनलाई हमला भइरहेको र त्यसको प्रवाह राष्ट्रको समुन्नत उज्ज्वल भविष्यमाथि परिरहेको उल्लेख गर्दै

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## लोकगायिका कोइराला सहित स्रष्टा सम्मानित

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ कार्तिक**

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले गित संगितबाट सामाजिक न्याय सहितको समृद्धि आवश्यक भएको बताउनु भएको छ । पुष्पाञ्जली स्टुडियो पोखराले शुक्रबार आयोजना गरेको राष्ट्रिय गण्डकी म्यूजिक अवार्ड २०७८ को अवसरमा बोल्दै मन्त्री बरालले गीत संगितबाट सामाजिक न्याय सहितको देशमा समृद्धि आवश्यक भएको बताउनु भएको हो।



मन्त्री बरालले भन्नुभयो"हामीले गीत र संगितको क्षेत्रबाट राष्ट्रिय स्वाधिनता, राष्ट्रिय स्वाभिमान र सामाजिक न्याय जोड्न जरुरी रहेको छ, जसबाट पनि हामीले समृद्धि हासिल गर्न सकिन्छ ।" कुनै पनि देशको कला, गीत र संगित क्षेत्र महत्वपूर्ण रहेको उल्लेख गर्दै मन्त्री बरालले राज्यको यस तर्फ ध्यानाकर्षण भएको बताउनु भयो । नयाँलाई प्रोत्साहन अग्रजलाई सम्मान भन्ने नारा सहित आयोजित उक्त कार्यक्रममा विभिन्न विधामा सम्मानित हुनेहरुलाई मन्त्री बरालले बधाई एवं आभार व्यक्त गर्नूभयो । यस्ता कार्यक्रमले कलाकारलाई थप प्रोत्साहन हुने बताउदै मन्त्री बरालले प्रदेशको पहिचान गित, संगित पनि भएकोले त्यसको प्रबर्द्धनको लागि आवश्यक सहयोग गर्ने जनाउनु भयो।

यसैबिच, उक्त कार्यक्रममा चर्चीत लोकगायिका हरिदेवि कोइराला सहित विभिन्न व्यक्ति सम्मानित भएका छन् । लोकदोहोरीको क्षेत्रमा उल्लेखनिय रुपमा योगदान पुराएको भन्दै पुष्पाञ्जलीले गायिका कोइरालालाई लाइफ टाइम अचिभमेन्ट अवार्डबाट सम्मान गरेको हो। नेपाली गायन क्षेत्रमा उल्लेखनिय योगदान पुराएको भन्दै राजु परियारलाई लोक स्वर सम्राटको उपाधि सहित सम्मान गरिएको थियो । गुरुङ चलचित्रका महानायकको उपाधि प्रदान गर्दै चलचित्रकर्मी तारा गुरुङलाई समेत सम्मान गरिएको थियो । उक्त अवसरमा नवराज बराल, क्षेत्र बहादुर कुवंर, सम्मर बहादुर गायक, मिठु झा, रेसम सापकोटा, पवित्रा रसाइली लगायतलाई गित तथा संगित एवं साहित्यको क्षेत्रमा उल्लेखनिय रुपमा योगदान पुराएको भन्दै सम्मान गरिएको थियो।

सम्मानित हुनेहरुलाई मन्त्री बरालको साथमा गण्डकी प्रदेशका अर्थ तथा विकास समितिका सभापति दीपक कोइराला, गण्डकी प्रदेश प्रज्ञा प्रतिष्ठानका कुलपति सुर्यखड्का विखर्ची, पोखरा प्रज्ञा प्रतिष्ठानका अध्यक्ष पद्मराज ढकाल, संस्थाका अध्यक्ष कृष्ण बहादुर राउत लगायतले सम्मान गर्नु भएको हो। संस्थाले विभिन्न विधामा अवार्ड वितरण गरेको संस्थाका प्रबन्ध निर्देशक कृष्ण प्रसाद गौतमले बताउनु भयो। उत्कृष्ट पप गितमा चेतन राई, पप संगितमा सुदिप फेल्डर, पप म्यूजिकमा अमित गुरुङ, पप एरेन्ज तर्फ दीपक लामा, उत्कृष्ट चार्ड पर्व गितमा किरण शर्मा, उत्कृष्ट राष्ट्रिय गितमा गोविन्द चापागाइ, मात्री भाषामा राजबहादुर गुरुङ, मौलिक लोकगितमा रामचन्द्र ढकालले अवार्ड जित्न सफल भएका थिए।

त्यसै गरी उत्कृष्ट भजनमा सन्तोस अधिकारी, गाउँ चिनारी गितमा सरिता अधिकार, सुगम गितमा टेकनारायण चापागाई, आधुनिक गितमा विनोद वानिया, आधुनिक गित रचनामा शान्ति सुनार, आधुनिक गित म्यूजिकमा जयकुमार परियार, आधुनिक गित एरेन्जमा वि.वि.अनुरागी, लोक गितमा जीवन दाहाल, दोहोरी गायक पुरुष तर्फ कमल सुसान्त केसी, सोही इभेण्टमा महिला तर्फ भने दिलु फगामी मगर, लोकदोहोरी रचनामा सुरज रेग्मी, लय लोकगीतमा नारायण भट्टराई, नवलोक गायक सुमित्रा गिरी, एरेन्ज तर्फ सुनिल परियार, म्युजिक भिडियोमा कृष्ण गुरुङ सम्मानित हुनु भयो।

त्यस्तै नव अभिनय पुरुष तर्फ राधाकृष्ण बस्यौला, उक्त इभेण्टको महिला तर्फ सरिता दानाकोटी, म्युजिक भिडियो निर्देशन शिवराज भुर्तेल, दृष्य सम्पादनमा राजकुमार मगर, म्यूजिक भिडियो छायाङ्कन गणेश सापकोटा, अभिनय तर्फ अविरल अधिकारी, हाँस्य अभिनयमा राजेन्द्र नेपाली/युवराज भण्डारी, लोकदोहोरी गितमा तारापति सुवेदी सम्मानित भएका छन् । दर्शक छनौटबाट दीपक थापा मगर, जुरी अवार्डबाट निर्मल खत्री, किसन नेपाली, सुवास अम्गाई सम्मानित हुनु भएको छ।

## हिसान गण्डकीको अध्यक्षमा रमाकान्त बराल निर्वाचित

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ कार्तिक**

उच्च शिक्षा तथा माध्यमिक विद्यालय सङ्घ(हिसान) गण्डकी प्रदेशको अध्यक्षमा रमाकान्त बराल निर्विरोध निर्वाचित हुनुभएको छ।



हिसानको शनिबार पोखरामा सम्पन्न प्रथम साधारणसभा तथा अधिवेशनले बरालको अध्यक्षतामा १३ सदस्सीय प्रदेश समिति निर्वाचित गरेको हो । पोखराको स्टेप वाई स्टेप माध्यमिक विद्यालयका संस्थापक तथा निर्देशक रहनुभएका बराल हिसानको केन्द्रीय सल्लाहकार समेत हुनुहुन्छ । कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा डा रामजी शर्मा(कास्की), उपाध्यक्ष छबिलाल कँडेल(नवलपुर), सचिव डा पुण्यप्रसाद पौडेल(कास्की), कोषाध्यक्षमा राजेन्द्रमणि पौडेल(कास्की),सहसचिवमा बालाकृष्ण शर्मा(बाग्लुङ) र सहकोषाध्यक्षमा प्रताप कोइराला(नवलपुर) चयन हुनुभयो । यसैगरी सदस्यहरुमा कमलराज सापकोटा(कास्की), लिलानाथ काफ्ले(तनहुँ),जनक केसी(गोरखा),धनबहादुर थापा(कास्की),लिलावति प्रधान(कास्की) र दीपक शर्मा मरासिनी(स्याङ्जा) रहनुभएको छ।

यसैगरी सल्लाहकारहरुमा शेरबहादुर गुरुङ, सूर्यबहादुर जिसी,बाबुराम पन्त, डोलराज पाण्डे, गोपेन्द्र केशरी न्यौपाने र प्रकाश शर्मा पौडेल चयन हुनुभयो । आमन्त्रित सदस्यमा डा त्रिभुवन शर्मा पौडेल हुनुहुन्छ । नवनिर्वाचित अध्यक्ष बरालले प्रदेशका बाँकी जिल्लामा हिसानको जिल्ला समिति छिट्टै गठन गर्ने बताउनुभयो । यसअघि साधारणसभाको उद्घाटन गर्दै गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले गण्डकी प्रदेश शिक्षाको हब(केन्द्र) बन्न सक्ने प्रसस्त सम्भावना रहेको बताउनुभएको छ। प्रदेश सरकारले प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादनको लक्ष्य सहित गण्डकी विश्वविद्यालय स्थापना गरेको मुख्यमन्त्री नेपालीको भनाई छ । उहाँले भन्नुभयो,"गण्डकी प्रदेशलाई शिक्षा, खेलकुद लगायत धेरै चिजको हब बनाउन सकिन्छ। विदेशी विद्यार्थी समेत पढ्न आउने परिकल्पनाका साथ गण्डकी विश्वविद्यालय बनेको हो। गुणस्तरीय शिक्षाको विकासका लागि निजी तथा तथा सरकारी विद्यालय र सरकारकाबीचमा राम्रो बहस हुनु आवश्यक छ।" वर्तमान संविधानमा आधारभूत शिक्षा सबैलाई अनिवार्य तथा माध्यमिक विद्यालयसम्मको शिक्षा निःशुल्क हुनुपर्ने व्यवस्था गरेकाले सोको कार्यान्वयन गर्नु अहिलेको आवश्यकता रहेको उल्लेख गर्नुभयो।

देशको अर्थतन्त्रको ८० प्रतिशत हिस्सा निजी क्षेत्रले ओगटेकाले निजी क्षेत्रलाई निरुत्साहित गर्दा अर्थतन्त्र चल्नै नसक्ने अवस्था आउने भएकाले प्रोत्साहन जरुरी रहेको मुख्यमन्त्री पोखरेलले बताउनुभयो। हिसानका केन्द्रीय अध्यक्ष रमेशकुमार सिलवालले शैक्षिक संस्थाको सङ्ख्या वृद्धि भएको र शिक्षामा पहुँच बढेपनि गुणस्तरको विकास नभएको बताउँदै व्यवहारिक र गरिखाने शिक्षाका बारेमा सङ्घ, प्रदेश र स्थानीय सरकारको चासो हुनुपर्ने बताउनुभयो। निजी विद्यालय र शैक्षिक संस्था प्रतिस्पर्धा गर्न चाहने र प्रतिस्पर्धा गर्न नसक्नेलाई बजारले समेत अस्वीकार गर्ने भनाई उहाँको थियो। गण्डकी विश्वविद्यालयका कुलपति प्रा डा गणेशमान गुरुङले निजी शिक्षा विदेशमा समेत रहेकाले नेपालमा यसलाई व्यवस्थित गर्नुपर्ने बताउनुभयो।

उद्घान समारोहमा गण्डकी प्रदेश खेलकूद परिषद्का सदस्य सचिव तेजबहादुर गुरुङ, शिक्षा समन्वय तथा इकाई कास्कीका प्रमुख नारायण सुवेदी, महानगर शिक्षा शाखा प्रमुख हेम आचार्य, राष्ट्रिय परिक्षा बोर्डका कार्यालय प्रमुख विष्णुनारायण श्रेष्ठ, हिसान स्याङजाका सल्लाहकार बुद्धिसागर त्रिपाठी,नवलपुरका अध्यक्ष विन्दुनारायण श्रेष्ठ, केन्द्रीय सदस्य यसप्रसाद शर्मा लगायतले साधारणसभा सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो।

हिसानका केन्द्रीय उपाध्यक्ष शेरबहादुर गुरुङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा केन्द्रीय सल्लाहकार रमाकान्त बरालले स्वागत र हिसान कास्कीका उपाध्यक्ष दिवाकर जैसीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । यसअघि जिल्ला र केन्द्रीय हिसान रहेकामा अधिवेशनले पहिलोपटक प्रादेशिक समिति गठन गरेको हो।

## मुख्यमन्त्री पोखरेलले लिए पोखराका मेयर जिसीको स्वास्थ्य अवस्थाबारे जानकारी

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ कार्तिक**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीलाई भेटेर उनको स्वास्थ्य अवस्थाका बारेमा जानकारी लिएका छन्।



प्रमुख जिसी बसेको हरियोखर्क अस्पताल परिसरको गेस्ट हाउसमा शनिबार साँझ पुगेर मुख्यमन्त्री पोखरेलले शीघ्र स्वास्थ्य लाभको कामना गरे । अहिले काम र

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# धर्म संस्कृतिलाई अब पर्यटनसंग जोड्नु पर्छ मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ कार्तिक**

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले नेपाली धर्म, कला, संस्कृतीलाई अब पर्यटनसंग समेत जोड्नुपर्ने बताउनु भएको छ।

पोखरा २२ मा रहेको ज्योर्तिलिङ्ग् शिवालय मन्दिरको चौथो बार्षिक साधारण सभा तथा दोश्रो अधिवेसनको शनिबार पोखरामा उद्घाटन गर्दै मन्त्री बराललले नेपाल प्रकृतिमा धनि भएसंगै नेपाल बहु जातजातिको बाहुल्यता भएकोले यहाँको धर्म र संस्कृतिलाई समेत पर्यटनसंग जोड्नुपर्ने बताउनु भएको हो।



नेपालको धर्म र संस्कृतिले स्वदेशी तथा विदेशी पर्यटकहरुलाई आकर्षण गरी पर्यटनबाट समेत आर्थिक विकास गर्न सकिने मन्त्री बरालको भनाई थियो । गुप्तेश्वर गुफा, विश्व शान्ति स्तुपा, पुम्दीकोटको बिशाल महादेवको मुर्ति क्षेत्रमा धार्मिक पर्यटकहरुको ठुलो भिडभाड सुरु भएको बताउदै मन्त्री बराललले धार्मिक र एतिहासिक महत्व राख्ने नेपाली परम्परागत मठ मन्दिर र शिवालयहरुको संरक्षण गर्ने पर्नेमा समेत जोड दिनु भयो । नेपालमा बसै धर्मलाई समान व्यवहार गर्नु राज्यको दाहित्व भएको बताउदै मन्त्री बराललले नेपालमा धार्मिक सहिष्णुणता भएको दाबी गर्नु भयो। पोखरा २२ को घैयाखेतको शिवालय मन्दिर सहितको उक्त क्षेत्रमा बाटो लगायतको विकास निर्माणमा प्रदेश सरकारले सानो ठुलो केही न केही सहयोग गर्ने मन्त्रीले वचन दिनु भयो। पोखरा २२ का वडा अध्यक्ष मित्रलाल बराललले बिशाल महादेवको मुर्तिका कारण पुम्दी भुम्दीमा धार्मिक पर्यटनको सम्भावना ह्वात्तै बढेको बताउनु भयो। ज्योर्तिलिङ्ग् शिवालय मन्दिरका अध्यक्ष धर्मराज अर्यालको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा पण्डित पुण्यप्रसाद बराल, गुप्तेश्वर गुफा समितिका उपाध्यक्ष इश्वरी लम्साल, मन्दिरको अनुगमन समितिका संयोजक ऋषिराम बराल, उपाध्यक्ष खेमराल बराल, महासचिव मोहनकुमार मैनाली, कोषाध्यक्ष सुनिता पौडेल लगायतले वोलेका थिए। करिब ४ बर्ष अघि स्थापना गरिएको उक्त मन्दिरमा हाल २१ लाख ५५ हजार लगानी भएको छ भने मन्दिरमा हाल दैनिक पूजा पाठ गर्न एक जना पुजारी राख्नुपर्ने अवस्था रहेको अध्यक्ष अर्यालले जनाए। समितिले करिब २४ लाख ५८ हजार आम्दानी गर्न सफल भए पनि मन्दिर निर्माण, प्रशासनिक सहितको अन्य खर्च गर्दा हाल समितिसंग नगद नभएको कोषाध्यक्ष पौडेलले बताउनु भयो । विश्व शान्ति स्पुताः जाने बाटो घैयाखेत हुदै लैजादा त्यस क्षेत्रको समेत पर्यटन प्रबर्द्धन हुने स्थानियले बताएका छन् ।

# मुख्यमन्त्री...

जिम्मेवारीका बारेमा चिन्ता नलिइ आराम गर्न मुख्यमन्त्रीले मेयर जिसीलाई सुझाव दिए। राजनीतिक सल्लाहकार खड्गबहादुर कमाल, कांग्रेस महाससमिति सदस्य गिरिराज गौतम, स्वकीय सचिव रञ्जना पोखरेल र प्रेस संयोजक भरत कोइराला मुख्यमन्त्रीसँगै पुगेका थिए। मुख्यमन्त्रीसँगले स्वास्थ्य अवस्थाका बारेमा सोध्दा प्रमुख जिसीले अहिले स्वास्थ्य राम्रोसँग सुधार हुँदै गएको र रुची अनुसारको खाना खान चिकित्सकले सुझाएको बताए । हाँसो गर्दै प्रमुख जिसीले भने, 'मतवालीवाहेकका खानेकुरा खान डाक्टरले भनेका छन् ।' साउन १ गते मस्तिष्कघात भएपछि तत्काल काठमाडौं लगेर प्रमुख जिसीको शल्यक्रिया गएिको थियो । शल्यक्रियापछि आराम गेरर असोज २३ गते उनी पोखरा फर्केका हुन्। अहिले नियमित फिजियोथेरापी गर्नुपर्ने भएकाले नयाँगाउँस्थित हरियोखर्क अस्पताल परिसरमा रहेको गेस्ट हाउसमा प्रमुख जिसी बस्दै आएका छन्। घरबाट आउन जान असहज हुने भएकाले गेस्टहाउसमै बसेको जिसीका छोरीज्वाइँ राम भण्डारीले जानकारी दिए।

# पोखरामा नाटक निर्देशन कार्यशाला

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ कार्तिक**

गण्डकी प्रदेशस्तरीय नाटक निर्देशन कार्यशाला पोखरामा सुरु भएको छ । कार्यशालामा प्रदेशका मनाङ र मुस्ताङबाहेक नौ जिल्लाका २२ जनाको सहभागिता रहेको छ।

गण्डकी प्रदेशका शिक्षा संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकासमन्त्री मेखलाल श्रेष्ठले कार्यशालाको उद्घाटन गर्दै नाटक निर्देशन कार्यशालाले प्रदेशको नाट्य क्षेत्रलाई थप क्रियाशील बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । नाटकमा पस्कने सामग्री जस्ताको तस्तै दर्शकमाझ पुग्ने भएकाले यसरी पस्कने सामग्रीमा विशेष ध्यान दिनुपर्नेमा जोड दिँदै उहाँले प्रदेश नाट्य क्षेत्रको विकासमा सदैव साथ र सहयोग रहने बताउनुभयो।

नेपाल सङ्गीत तथा नाट्य एकेडेमीका पूर्वसदस्य सचिव समेत रहनुभएका संस्कृतीकर्मी तिर्थ श्रेष्ठले गण्डकी प्रज्ञा प्रतिष्ठानको स्थापनासँगै प्रदेशको साहित्य तथा कलाको क्षेत्रमा केही सकारात्मक सङ्केत देखिएको बताउनुभयो । कोरोनाका कारण थला परेको नाट्य क्षेत्रलाई चलायमान बनाउन कार्यशालाले सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्दै उहाँले भन्नुभयो,"नेपालको नाट्य क्षेत्रमा पोखराको बेग्लै छाप रहेको छ।" गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्य खड्का विखर्चीको अध्यक्षतामा भएको कार्यक्रममा समाजशास्त्री डा विश्वकल्याण पराजुली, पोखरा थिएटरका अध्यक्ष परिवर्तन, गण्डकी प्रज्ञा प्रतिष्ठानका उपकुलपति गोरे गुरुङ, प्राज्ञ सदस्य सुरेन्द्र गुरुङलगायतले नाट्य क्षेत्रको आवश्यकता र यसको महत्व माथि चर्चा गर्नुभएको थियो।

कार्यशालाले गण्डकी प्रदेशमा नाटकप्रतिको आर्कषण बढाउन सहयोग पुग्ने गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठको भनाइ छ । उहाँका अनुसार प्रतिष्ठानले यो वर्ष नाटकसँग सम्बन्धित तीनवटा कार्यक्रमको आयोजजना गर्ने छ। एघार दिनसम्म सञ्चालन हुने कार्यक्रममा १५ जना प्रशिक्षकले प्रशिक्षण दिने पोखरा थिएटरका अध्यक्ष परिवर्तनले जानकारी दिनुभयो।

# बाँझापाटन मिलन मार्ग टोलको अध्यक्षमा पुन: सिग्देल

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ कार्तिक**

पोखरा महानगरपालिका वडा नं १३ स्थित बाँझापाटन मिलन मार्ग टोल बिकास संस्थाको १२ औं वार्षिक साधारण सभा तथा छैटौं अधिवेशनले रामराज सिग्देललाई पुनः अध्यक्ष पदमा चयन गरेको छ।

शनिवार भएको अधिवेशनले उपाध्यक्षमा रामलाल सुनार, सचिवमा रमेशराज पौडेल, कोषाध्यक्षमा सोमनाथ तिमिल्सिना, सह सचिवमा शान्ति केसी चयन भएका छन् । त्यसैगरी सदस्यहरुमा



क्रमश प्रेमनारायण वराल, तुलशी श्रेष्ठ, गमप्रसाद गुरुङ, हेमराज बाँस्तोला, तिलकुमारी गुरुङ, शारदा सापकोटा, सूर्यवहादुर अधिकारी र पदेन सदस्यमा सम्झना कार्की रहेका छन् । वडा नं १३ का वडा अध्यक्ष दर्शन लामाले सभाको उद्घाटन गर्दै सामाजिक कार्यमा सवैको सहयोगले मात्र सफल हुन सकिने भने।

सकारात्मक सोचको सहयोगले मात्र हरेक कार्यमा सफल भइने अध्यक्ष लामाले वताए । कार्यक्रममा संस्थाका सचिव विनोद राज आचार्य र कोषाध्यक्ष सोमनाथ तिमिल्सिनाले प्रस्तुत गरेको प्रतिवेदन पारित भएको छ। सभामा संस्थालाइ चारैतिरवाट सहयोग गर्दै आएका संस्थाका संस्थापक अध्यक्ष जमुनादेवी श्रेष्ठ, सल्लाहकार प्रा.तारा वराल, माधवप्रसाद आचार्य, गोविन्दलाल श्रेष्ठ र अनिल सिग्देललाइ सम्मानित गरियो । बाँझापाटन मिलन मार्ग टोल बिकास संस्थाका अध्यक्ष रामराज सिग्देलको अध्यक्षतामा भएको कार्यक्रममा शुभकामना टोल विकास संस्थाका अध्यक्ष कृष्णप्रसाद आचार्य लगायत वोलेको कार्यक्रममा संस्थाका उपाध्यक्ष रामलाल सुनारले स्वागत र सचिव विनोद राज आचार्यले संचालन गरेका थिए।

# नेपाली कॉंग्रेस वडा इकाई १३ को रक्तदानमा ६५ युनिट

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ कार्तिक**

नेपाली कांग्रेस वडा इकाई समिति १३ को आयोजनामा भएको आकस्मिक रक्तदान कार्यक्रममा ६५ युनिट रगत संकलन भएको छ ।

शनिवार भएको कार्यक्रममा ४६ जनाको निःशुल्क मधुमेहको परीक्षण समेत भएको छ । पं राम प्रसाद सिग्देलले स्वस्तिक बाचन गरी कार्यक्रम सुरु गरिएको थियो । वडा इकाई १३ का सभापति माधव सिग्देलले पहिलो रक्तदाता युवा नेता देवीजंग गुरुङलाइ ब्लड व्याग दिएर कार्यक्रम उद्घाटन गरिएको थियो । कार्यक्रममा फरक फरक स्थान र वडा देखी कास्की जिल्ला नेताहरुले कार्यक्रममा प्रमाणपत्र वितरण गरेका कार्यक्रम संयोजक




तथा वडा इकाइ १३ का सचिव सुदिप गुरुङले पोखरापत्रलाइ वताए । इकाई १३ का सभापति माधव सिग्देलको अध्यक्षतामा भएको कार्यक्रममा सचिव सुदिप गुरुङले संचालन गरेका थिए।

# बिपी स्मृति भवनका लागि छ आना जग्गा दान

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ कार्तिक**

कास्कीको माछापुच्छ्रे गाउँपालिका-३ घाचोकका नेपाली कांग्रेस वडा एकाइ समितिका सभापति कृष्णकुमार श्रेष्ठले बिपी स्मृति भवन निर्माणका जग्गा दान गर्नुभएको छ।

घाचोकमा निर्माण हुने भवनका लागि उहाँले आफ्नो हकभोगमा रहेको रु ४० लाख मूल्य बराबरको छ आना दुई पैसा जमिन मालपोत कार्यालयमा गएर पार्टीका नाममा हक हस्तान्तरण गर्नुभएको हो। घाचोकको एकाइ समितिको बैठक तथा गतिविधि सञ्चालनका लागि सहज होस् भनेर जग्गा उपलब्ध गराएको श्रेष्ठले बताउनुभयो।

उहाँले भन्नुभयो, "विसं २०३६ बाट म कांग्रेस पार्टीमा सक्रिय भएर लागेँ, बिपीको समाजवादबाट आकर्षित भएर कांग्रेसमा लागेर अहिलेसम्म सक्रिय छु । पार्टीलाई बलियो बनाउनका लागि जग्गा दान गरेको हुँ ।" कांग्रेस वडा एकाइ समितिले घाचोक बिपी स्मृत भवन निर्माणका लागि काम अघि सुरु गरेको छ । केही दिनअघि गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले भवनको शिलान्यास गर्नुभएको थियो।

# एमालेले....

छलकपटपूर्ण हमला बाबजुद पनि सबै ठाउँमा पार्टी मजबुद रहेको दाबी गर्नुभयो। "हामी संसद् र एउटा प्रदेशबाहेक अरूभन्दा ठूलो शक्तिमा छौं । स्थानीय तहमा पनि ठूलो नै छौं । हाम्रो गणना एक नम्बरमा नै हो।

राजनीतिक, वैचारिक ढङ्गले हामी देशको ठूलो पार्टी हौं", उहाँले भन्नुभयो। अध्यक्ष ओलीले आगामी निर्वाचनमा एमाले एक्लै बहुमत ल्याउने तयारीमा रहेको बताउनुभयो । एमालेले राष्ट्रिय महाधिवेशनको तयारीका लागि आज देशभरि करिब ६ हजार ५०० वडामा वडा कमिटी अधिवेशन गर्दैछ। यस्तै यही कात्तिक ९ गते स्थानीय तहको अधिवेशन गरिने कार्यतालिका रहेको छ।

**Embassy of India**
**Kathmandu (Nepal)**

**Vacancy : ECHS**

1. Ex-servicemen Contributory Health Scheme (ECHS) is a medical scheme launched by Govt of India to provide free medical treatment to the ex-servicemen pensioners and their dependents of Indian Armed Forces. Application are invited for the following post. Employment will be on contractual basis without any pensionary benefits.

| S.N. | Vacancy for the Post | Place |
|---|---|---|
| 1 | **Medical Officer** | ECHS Polyclinic Pokhara |

2. Last date for submission of application for the above mentioned vacancy is **31 Oct. 2021.** For terms & conditions and other details, kindly see our website: www.indembkathmandu.gov.in
3. Application alongwith copy of Nagrikata Praman Patra (NPP) and copies of relevant certificates may be sent at the following address.


**Pokhara**
Office-in Charge
ECHS Policlinic
Embassy of India
Pensions Paying Office
Pokhara (Nepal)
Tele No.: 061-430232, 061-431477

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवासदन हो। - लियो टोल्सटोय

## सम्पादकीय

# एमालेको सन्देश

देशको प्रमुख राजनीतिक दल एमालेले करिब ६ हजार वडामा एकैसाथ वडा अधिवेशन गरेको छ नेकपा एमालेले प्रविधिको प्रयोग गरि एकैपटक वडा अधिवेशनको उद्धाटन र संबोधन गरेर पार्टीको जगलाई बलियो बनाएको छ। बाढीपहिरोका कारण केही जिल्लाबाहेक देशभरका वडा कमिटीको अधिवेशन भएको छ। वडा कमिटीमा एक अध्यक्ष, एक उपाध्यक्ष, एक सचिव र दुई उपसचिवसहित ३१ जना निर्वाचित भएका छन्। गाउँपालिका र नगरपालिकामा ३१ सदस्यीय कमिटी, उपमहानगरपालिकामा ४१ सदस्यीय कमिटी र महानगरपालिकाका वडा कमिटीमा ५१ सदस्यीय कमिटी निर्वाचित हुन्छन्।

कमिटीलाई ३३ प्रतिशत महिला अनिवार्य गरिएको छ। बाढीपहिरोका कारणले रोकिएको अधिवेशन एक हप्ताभित्र गर्ने योजना छ। देशैभरिका वडा अधिवेशनको उद्घाटन पार्टी केन्द्रीय कार्यालयबाट अध्यक्ष केपी ओलीले गरेका थिए। एमालेले राष्ट्रिय महाधिवेशनको तयारीस्वरूप शनिबार पहिलो चरणमा वडा कमिटीको अधिवेशन गरेको हो। एमालेले वडा अधिवेशन सकेर ९ कात्तिकमा पालिका अधिवेशन गर्नेछ। आगामी १० देखि १३ मंसिरमा एमालेको १०औँ राष्ट्रिय महाधिवेशन चितवनमा हुने भएको छ। एमाले मात्र होइन नेपालकै राजनीतिक इतिहासमा एकैपटक छ हजार बडाअधिवेशन भएको छ। बिना तामझाम प्रविधिको प्रयोग गरि अधिवेशन गर्न सकिन्छ भन्ने देखाएको छाभएका अधिवेशन पनि पाँच हजार वडामा सर्वसम्मत भएको छ।

राजनीतिक दलका अधिवेशन गर्न चन्दा उठाउने नेतृत्वको लागि कार्यकर्तालाई खाना खाजा खुवाएर आफ्नो पक्षमा पार्न गरिने गलत संस्कार एमालेले तोडिएको छाबिना झगडा, शान्त वातावरणमा खर्च नगरि वडा / शाखा अधिवेशन हुन सक्छ भन्ने उदाहरण हो। विगतमा हरेक चुनावमा आफैं भित्र अस्वस्थ प्रतिस्पर्धा गर्ने एमाले सर्वसम्मत र पार्टीको एकतालाई बलियो बनाउने गरि नेतृत्व चयन गर्नु सुधारको संकेत हो। सर्वोच्च अदालतले सरकारबाट हटाएपनि जनताले विश्वास गर्छन् भन्ने देखाउन बाँकी वडामा र पालिका अधिवेशनलाई पनि सर्वसम्मत र एकै दिनमा सम्पन्न गरेर उदाहरण दिन जरुरी छ।

# लमसुङ पहिरोको जोखिममा, पूरै वडा अन्धकारमा

पोखरापत्र संवाददाता
म्याग्दी, ६ कार्तिक

म्याग्दीको धौलागिरि गाउँपालिका-२ मा पर्ने लमसुङ गाउँ पहिरोको उच्च जोखिममा परेको छ। बाढीले विद्युत्गृह बगाएपछि पूरै वडा अन्धकारमा छ।

दरखोलाले कटान गरेर बस्तीको तलबाट चलेको पहिरोका कारण चार घर परिवार विस्थापित भएका छन्। लमसुङमा रहेको स्वास्थ्यचौकीसमेतपहिरोकोजोखिममा परेको स्थानीयवासी भक्तबहादुर सिङकिजाले जानकारी दिनुभयो। "केही दिनअघिको बर्सातका कारण दरखोलामा आएको बाढीले कटान गरेर घर नजिकै पहिरो पुगेपछि चार परिवारलाई सुरक्षित ठाउँमा सारिएको छ", उहाँले भन्नुभयो। "सुविधा सम्पन्न पक्की भवन भएको स्वास्थ्यचौकीसमेत जोखिममा परेको छ।" भक्तबहादुर पाइजा, ज्ञानबहादुर पाइजा, दलबहादुर राना र पलु पुनको घरपरिवार विस्थापित भएका हुन्। लमसुङ बस्तीको माथितर्फ विसं २०७४ मा गएको जुगेपानीको पहिरो रोकिए पनि तलबाट नयाँ पहिरो सिर्जना भएपछि स्थानीयवासी चिन्तित भएका छन्। तत्काल पहिरो नियन्त्रणको काम नगरे वडा कार्यालयसमेत रहेको करिब ८० घरधुरीको बसोबास रहेको लमसुङ गाउँमा थप जोखिम बढ्ने स्थानीयवासीले बताएका छन्। वडाध्यक्ष गमप्रसाद विकले जोखिममा रहेका घरपरिवारलाई सुरक्षित ठाउँमा व्यवस्थापन गरिएको र थप क्षति हुन नदिन पहिरो नियन्त्रण योजनाका लागि पहल गरेको बताउनुभयो। यसैगरी गत भदौ २१ गते बाढीले दरखोला दोस्रो लघुजलविद्युत् परियोजनाको विद्युत्गृह बगाएपछि धौलागिरि गाउँपालिकाको वडा नम्बर २ का ३६५ घरधुरी अन्धकारमा रात कटाउन बाध्य छन्। बयालीस किलोवाट क्षमताको दरखोला दोस्रो लघुजलविद्युत् परियोजनाको नहर, बाँध र खाडको विद्युत्गृह बाढीले बगाएपछि अन्धकार भएको हो। परियोजना बगाएपछि लुलाङ, खोरीया, मेरनी र लमसुङका ३६५ घरधुरीमा विद्युत् आपूर्ति बन्द भएको छ। घरायसी काम, विद्यार्थीको पठनपाठन र विद्युत्बाट चल्ने उपकरणमा आधारित साना उद्योग ठप्प भएको छ। उज्यालोका लागि टुकी र सौर्य उर्जामा भर पर्नुपर्ने अवस्था आएको छ। विसं २०७६ कात्तिकमा रु एक करोड ५२ लाखको लागतमा परियोजना निर्माण भएको थियो।

यसअघि विसं २०७२ साउनमा जुगेपानीमा आएको पहिरोले विद्युत् गृह र नहर बगाएपछि मेरनीको फेदीमा परियोजना स्थानान्तरण गरिएको थियो। लुलाङ म्याग्दी जिल्लामा सबैभन्दा धेरै दलित समुदायको बसोबास भएको वडा हो।

# पोखराको पर्यटनः आन्तरिक पर्यटकले जगायो आशा

-जमुना वर्षा शर्मा
पोखरा, ६ कार्तिक (रासस)

कोभिड-१९ कारण लामो समयदेखि सुनसान रहेको पोखराको लेकसाइडमा यतिबेला भने आन्तरिक पर्यटकले चहलपहल बढेको छ।

सरकारले निषेधाज्ञा खुला गरेसँगै आन्तरिक पर्यटकको चहलपहल बढ्न थालेको हो। त्यसो त पोखराको मौसम पनि यतिबेला निकै खुलेका छ। माछापुच्छ्रे र अन्नपूर्णलगायत हिमशृङ्खलाका मनमोहक दृश्य हेर्न प्रकृतिप्रेमी पर्यटकले पोखरालाई रोजाइको गन्तव्य बनाएका छन्। दसैँतिहारको समय प्रायः भरिभराउ हुने लेकसाइड र आसपासका क्षेत्रमा लामो समयपछि आन्तरिक पर्यटकको चलहपहल देखिन थालेको पोखरा जाभा कफी हाउसका सञ्चालक एकराज न्यौपानेले बताउनुभयो। "लामो समयपछि दसैँतिहारको समयमा लेकसाइडको सडकमा चहलपहल देखिएको छ। विदेशी पाहुना नदेखिए पनि आन्तरिक पाहुनाको आगमनले केही उत्साह थपेको छ", उहाँले भन्नुभयो, "पर्यटन पुनरुत्थानका लागि सरकारले ल्याएको कर्मचारी लक्षित 'पेड होलिडे'लाई पूर्णरूपमा कार्यान्वयन गर्न सके आन्तरिक पर्यटनबाट पनि पर्यटन क्षेत्रले गति लिन सक्छ।" लेकसाइड हल्लनचोकमा वन स्टप ट्रेकिङ इक्विपमेन्ट शपका सञ्चालक प्रमोद भण्डारीले पनि सुस्ताएको व्यवसायमा आन्तरिक पर्यटकको आगमनले केही आशा पलाएको प्रतिक्रिया दिनुभयो। "हामीले विदेशी ग्राहक नदेखेको लामो समय भयो यतिबेला ट्रेकिङ जाने आन्तरिक पर्यटकका कारण पनि केही राहत मिलेको छ", उहाँले भन्नुभयो। हल्लनचोकस्थित होटेल दिदीका सञ्चालका विष्णु गुरुङले पोखरा आसपास र पदयात्रामा जाने आन्तरिक पाहुनाको आगमन राम्रो भएको बताउनुभयो। पछिल्लो समय नेपालीहरूमा पनि घुम्नेडुल्ने संस्कृतिको विकास हुँदै गएको उहाँको भनाइ छ। उहाँका अनुसार अधिकांश पाहुना पोखराको प्रमुख पर्यटकीय गन्तव्यसँगै घाम्दुक, मर्दी ट्रेक, अन्नपूर्ण बेसक्याम्प, अष्ट्रेलियन क्याम्पतिर छोटो तथा लामो दूरीका पाहुनाको आगमन भएको जानकारी दिनुभयो। मोटरेबल बाटोले प्रसिद्ध पदमार्गहरू विस्थापित हुँदै गएको र पदयात्रामा आउने पर्यटकको बसाइ छोटिँदै गएको प्रति उहाँले चिन्ता व्यक्त गर्नुभयो।

होटेल भिजिटर्स इनका सञ्चालक शर्मिला न्यौपानेले पनि कोभिड-१९ विरुद्धको खोपको सहजता र निषेधाज्ञा खुकुलोसँग यतिबेला लेकसाइडमा पाहुनाको चहपहल राम्रो रहेको बताउनुभयो। "पर्यटकका लागि यो उपयुक्त सिजन हो, दसैँतिहारको समयमा आन्तरिक पाहुनाको आगमन कोभिड अगाडि पनि राम्रै हुने गर्थ्यो। तर कोभिडपछि भने अहिले राम्रो देखिएको छ", उहाँले भन्नुभयो, "दसैँलगत्तै परेको झरीले गर्दा मुस्ताङ जाने पर्यटक भने केही घटेको छ।" सरकारले विदेशी पर्यटकका लागि आगमन सहज गराएसँगै विस्तारै बाह्य पर्यटकको पनि आगमन बढ्ने सक्ने उहाँको विश्वास छ।

पश्चिमाञ्चल होटेल एसोसिएसन (हान)का केन्द्रीय सदस्य भरत पराजुलीका अनुसार अहिले पोखरामा सात सय पर्यटकीय होटेल सञ्चालनमा छन्। कोरोनाका कारण सुस्ताएको पर्यटन क्षेत्रमा गति लिन अझै केही वर्ष लाग्ने भए पनि आन्तरिक पर्यटकको आगमनले यस क्षेत्रलाई केही राहत मिलेको उहाँको भनाइ छ। "करोडौंको लगानी छ, तसर्थ बाह्य पर्यटक नआएसम्म व्यवसायले व्यावसायिक गति लिन गाह्रो नै होला तर अहिले सुनसान रहेको अवस्थामा आन्तरिक पर्यटकको आगमनले भने पक्कै उत्साह थपेको छ", उहाँले भन्नुभयो, "पर्यटन क्षेत्रका मजदुर, कर्मचारी र व्यवसायीलाई पूर्ण खोपको सुनिश्चितताको आवश्यकता छ।" पर्यटन क्षेत्रको विकासका लागि राज्यस्तरबाटै नीतिगत रूपमा नै पर्यटन पुनरुत्थानमा विशेष कार्यक्रम ल्याउन जरुरी रहेको उहाँको भनाइ छ। नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख काशिराज भण्डारी पर्यटन क्षेत्रले कोभिडका कारण निकै कठिन समय गुजारिसकेको जनाउँदै अब बिस्तारै लयमा आउने विश्वास व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "हालै पोखरामा ११ देशका कूटनीतिज्ञको भ्रमणले पोखराको पर्यटनमा सकारात्मक सन्देश गएको छ। अब पर्यटन पुनरुत्थाको कार्यक्रममा जोड दिनुपर्छ।" खोपको सहजतासँगै अब मानिसले 'रिफ्रेसमेन्ट' खोजिरहेको जनाउँदै उहाँले पर्यटकीय गतिविधिले पर्यटन क्षेत्रलाई बिस्तारै चलायमान बनाउँदै लैजाने बताउनुभयो। उहाँले पोखरामा फेवातालगायत आसपासका पर्यटकीय गाउँ र ट्रेकिङ क्षेत्रमा आन्तरिक पाहुनाको आगमन राम्रो भएको उल्लेख गर्नुभयो।

पर्यटकको आगमनसँगै पोखराको फेवातालमा डुङ्गा शयर गरी बाराही मन्दिर दर्शन गर्नेको सङ्ख्या पनि बढेको डुङ्गा सञ्चालक समितिका अध्यक्ष बुद्धिबहादुर नेपालीले बताउनुभयो। उहाँका अनुसार अहिले दैनिक डेढ सयदेखि दुईसय डुङ्गा चलिरहेका छन्। फेवातालमा सात सय ७५ वटा डुङ्गा छन्। त्यसैगरी साहसिक खेलका रूपमा रहेको प्याराग्लाइडिङ, बञ्जी जम्प, जिप फ्लायर, अल्ट्रालाइड उडानमा पनि आन्तरिक पाहुना रमाइरहेको पाइन्छ। पोखराका पर्यटन सम्बद्ध सङ्घसंस्थाले पनि आन्तरिक पर्यटन पुनरुत्थानका लागि सरोकारवालासँग अन्तक्रिया एवम् अन्तरप्रदेश भ्रमणका कार्यक्रमलाई पनि जोड दिँदै आएका छन्।

# म्याग्दी र बागलुङ जोड्ने झोलुङ्गे पुल निर्माण सुरु

पोखरापत्र संवाददाता
म्याग्दी, ६ कार्तिक

म्याग्दीको बेनी नगरपालिका-१ रत्नेचौर र बागलुङको बागलुङ नगरपालिका-४ कुँडुले जोड्ने ३८८ मिटर लामो र १०० मिटर अग्लो झोलुङ्गे पुलको निर्माण कार्य सुरु भएको छ। नेपाल सरकारको सस्पेन्सन ब्रिज डिभिजनले दुई जिल्लाको सिमानामा पर्ने ठूलो खोलामा पुल निर्माण थालेको हो। रु तीन करोडको लागतमा थानी हिमशिखर जेभीले उक्त पुल निर्माण गर्न लागेको हो।

बागलुङको बाङ्गेचौर र पर्वतको अदुवाबारी जोड्ने संसारकै लामो झोलुङ्गेपुल निर्माण गरेको कम्पनीले नै यो पुलको काम थालेकाले समयमा काम सकिने सर्वसाधारणले आशा पलाएको भानु माध्यमिक विद्यालय रत्नेचौरका प्रधानाध्यापक भरत खत्रीले बताउनुभयो। प्रअ खत्रीका अनुसार पुल निर्माण भएपछि एक घण्टाको बाटो पाँच मिनेटमा छोटिने भएको छ। पुलले सर्वसाधारणलाई आवतजावतमा सहज हुनुका साथै रत्नेचौरमा आन्तरिक पर्यटकको समेत वृद्धि हुने आशा गरिएको छ।

असोजको अन्तिम साता निर्माण सम्झौता गरेको कम्पनीले दश महिनामा पुल तयार गर्नुपर्ने छ। "पहिलो चरणको लेआउटको काम सकियो, अब फाउण्डेसनको काम सुरु हुन्छ", कम्पनीका प्रतिनिधि नरहरि खड्काले भन्नुभयो। दैनिक सयौँ सर्वसाधारण ओहोरदोहोर गर्ने ठूलो खोला खौँचमा पुल बन्दा एक घण्टाको पैदल यात्रा पाँच मिनेटमा छोटिने छ। पुल दुई जिल्लाको मितेरी सीमा हुने सर्वसाधारणको आशा छ। पुल निर्माण पछि रत्नेचौरमा उत्पादन हुने कृषिउपज, दूधलगायतका सामानलाई बजारीकरण र पैदल मार्ग हुँदै बेनी बागलुङ गर्ने सर्वसाधारणको लागि सहज हुने स्थानीयको विश्वास रहेको छ।

# वर्षा र हावाहुरीले दुई सय हेक्टरको धानबालीमा क्षति

रासस
गलेश्वर, ६ कार्तिक

म्याग्दीमा बेमौसमी वर्षा र हावाहुरीका कारण २०० हेक्टर क्षेत्रफलमा गरिएको धानबालीमा क्षति पुगेको छ।

गत असोज ३१ गते रातिदेखि कात्तिक ४ गते बिहानसम्म भएको वर्षा र हावाहुरीका कारण पानीले भिजेर र हावाहुरीले धानका बोट ढलाएर धान बालीमा क्षति पुगेको कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ। कृषि ज्ञान केन्द्र म्याग्दीको अभिलेख अनुसार जिल्लाभर तीन हजार ८९२ हेक्टर क्षेत्रफलमा धान खेती हुन्छ। कृषि ज्ञान केन्द्र म्याग्दीका वरिष्ठ बागवानी विकास अधिकृत किरण सिग्देलका अनुसार जिल्लाका छवटै स्थानीयतहबाट सङ्कलन गरिएको प्रारम्भिक विवरणअनुसार पाकेको काटेर खेतमा सुकाएको धान पानीले भिजेर क्षति पुगेको छ भने पाक्ने लागेका धानको बोट हावाहुरीले ढलाएर क्षति पुऱ्याएको छ। "प्रारम्भिक विवरणअनुसार २०० हेक्टर क्षेत्रफलमा क्षति देखिएको छ, थप विवरण पनि सङ्कलन गरिरहेका छौँ", अधिकृत सिग्देलले बताउनुभयो।

अधिकृत सिग्देलका अनुसार जिल्लाको लेकाली क्षेत्रमा काटेर खेतमा सुकाएको धान पाँच दिनसम्मको लगातारको वर्षाले भिजेर खेतमा नै धानको दाना झरेका कारण क्षति पुगेको छ भने तल्लो क्षेत्रमा पाक्ने लागेका धानको बोट हावाहुरीले ढलाएपछि दाना पोटिलो नहुनुका साथै खेतमा नै दाना झरेकाले उत्पादन कम हुने देखिएको छ। जिल्लाकारत्नेचौर, बगरफाँट, फापरखेत, गरापानी, खबरा, सीम, बाबियाचौर, पुलाचौर, अर्मन, कुहुँ, देवीस्थानलगायतका ठाउँमा लगाइएको धानबालीमा क्षति पुगेको स्थानीय कृषकले बताएका छन्। यस वर्ष धान रोप्ने समयमा पर्याप्त वर्षा भएको, धानमा रोग किराको प्रकोप नदेखिएको र सिँचाइको सुविधा पनि पुगेकाले विगतका वर्षका तुलनामा धान उत्पादनमा वृद्धि हुने किसानले आशा गरेका थिए तर थन्क्याउने बेलामा भएको बेमौसमी वर्षा र हावाहुरीका कारण धान बालीमा क्षति पुगेपछि किसान चिन्तित बनेका हुन्।

त्यसैगरी केन्द्रका अनुसार ५७ हेक्टर क्षेत्रफलको तरकारी खेतीमा पनि क्षति पुगेको छ। यस वर्ष म्याग्दीमा एक हजार १३० हेक्टर क्षेत्रफलमा तरकारी खेती गरिएको कृषि ज्ञान केन्द्रको तथ्याङ्क छ। दुई हजार ७०५ हेक्टरमा गरिएको कोदो खेतीमध्ये ८३ हेक्टरमा क्षति पुगेको केन्द्रले जनाएको छ।

म्याग्दीमा गौरिया, जेठो बुढो, जर्नेली, पहेँले, मार्सी, ताकमारे, भट्टे, छमरुङ, माछापुच्छ्रे, अन्नपूर्ण ३, खुमल ४, खुमल १०, लुम्ले २ लगायतका उन्नत जातका धान खेती हुने गर्छ। वार्षिक चार हजार मेट्रिक्टन धान उत्पादन हुने केन्द्रको तथ्याङ्क छ। जिल्लाको उच्च पहाडी क्षेत्रमा भिरालो जमिन र सिँचाइ आवश्यक नपर्ने घैया जातको धान खेती हुन्छ।

पछिल्लो समय कृषि औजार र उपकरणको प्रयोगप्रति कृषकको आकर्षण बढेको छ। हल गोरुको विकल्पमा मिनिट्रिलर हलो, ट्र्याक्टरको प्रयोग गर्न थालेका छन्। ठूला गह्रा भएका र फाँटका खेतमा बाँधो जोत्नेदेखि रोपाइँ गर्न ट्र्याक्टर र मिनिट्रिलर प्रयोग गरेका छन्। गोरुले एक दिनमा जोत्ने खेत ट्र्याक्टर र मिनिट्रिलरले एकै घण्टामा सक्ने हुँदा काम छिटो हुने बगरफाँटका कृषक भीमबहादुर रिजालले बताउनुभयो। गत वर्ष तीन हजार ९२५ हेक्टरमा १३ हजार ६२६ मेट्रिक टन धान उत्पादन भएकोमा धान भित्र्याउने समयमा भएको मौसमी प्रतिकुलताका कारण उत्पादन घट्ने भएको छ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : आर्थिक समस्या |
| कर्कट | : शत्रुको भय | मकर | : शारीरिक झमेला |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : मन चन्चल | मीन | : मानसिक तनाव |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

# महिलाले शव बोकेर घाटसम्म पुऱ्याए

पोखरापत्र संवाददाता
तनहुँ, ६ कार्तिक

छोरीले शव बोक्न तथा काजक्रिया गर्नुहुँदैन भन्ने सामाजिक कुरीतिलाई तोड्दै यहाँका महिलाले शव बोकेर सेतीमादी नदीको सङ्गमस्थल दमौलीघाटसम्म पुऱ्याएका छन्। व्यास नगरपालिका-५ चापाघाटस्थित वेदव्यास ज्येष्ठ नागरिक आश्रममा आबद्ध महिलाले आश्रममा आश्रित ८६ वर्षीय जगतबहादुर अधिकारीको शुक्रबार मृत्यु भएपछि उनीहरूले शव बोकेर घाटसम्म पुऱ्याएका हुन्। महिलाले शव बोकेर दमौलीस्थित घाटमा पुगेर दागबत्ती र दाहसंस्कार गरेका थिए।

छोरीले शव बोक्न हुँदैन भन्ने पहिलाको एकोहोरो मान्यता तोड्न आश्रममा आबद्ध महिलाले आश्रित आमा तथा बुबाको मृत्युपश्चात् पालोपालो शव बोकेर घाटसम्म पुऱ्याउँदै आएको आश्रमकी अध्यक्ष सवित्रा श्रेष्ठले बताउनुभयो। सोही आश्रममा आबद्ध महिलाले जातीय परम्पराअनुसार अन्त्येष्टिमा सघाएको उहाँले बताउनुभयो। महिलाले कतिपय मान्छेहरू अहिले पनि समाजमा छोराले मात्रै शव बोक्नुपर्छ, काजक्रिया गर्नुपर्छ भन्ने मान्यताले छोरी मात्रै हुने घरले छोरा नखोज्नु भन्ने सकारात्मक सन्देश दिन शव बोकिएको आश्रमकी उपाध्यक्ष सकुन्तला आलेले बताउनुभयो। सात वर्ष अघि ९० वर्षीया आइतुमाया थापाको मृत्यु भएपछि पहिलोपटक आश्रमकी अध्यक्ष श्रेष्ठलगायत आबद्ध महिलाले नै शव बोकेर घाटसम्म पुऱ्याएपछि त्यसैलाई निरन्तरता दिँदै आएका छन्। हालसम्म आश्रममा आश्रित पाँच जनाको मृत्यु भइसकेको छ। मृत्यु भएका सबैको महिलाले नै शव बोकेर लैजाने गरेका छन्। आश्रमका सचिव निर्मला मल्लले आफ्नो बुवा र आमाजस्तै गरी पालनपोषण गर्दै आएकोले उनीहरूलाई सन्तानले गर्नुपर्ने कर्तव्य पूरा गर्नुपर्छ भन्ने सोचेर मृत्यु पछि आलोपालो सबैले बोकेर घाटमा लैजाने गरेको बताउनुभयो। 'मन्त्र जप्ने ओठभन्दा सेवा गर्ने हात पवित्र हुन्छ' भन्ने भावना बोकी २०७० सालमा महिलाले आफू आफूमा चन्दा सङ्कलन गरी सहाराविहीनका लागि ज्येष्ठ नागरिको आश्रम सञ्चालन गर्दै आएका छन्।

# 'वुमन्स पावर लिफ्टिङ'को उपाधि नेहालाई

पोखरापत्र संवाददाता
पोखरा, ६ कार्तिक

गोर्खा क्लासिक नेपालले आयोजना गरेको 'वुमन्स पावर लिफ्टिङ च्याम्पियनसिप-२०२१' उपाधि नेहा बानुले जित्न सफल हुनुभएको छ। पोखरा रङ्गशालास्थित बहुउद्देशीय कभर्ड हलमा आज सम्पन्न प्रतियोगितामा नेहाले ६० केजी तौल समूहमा 'स्क्वाड' तर्फ १२८ केजी, 'बेन्च प्रेस'मा ७० केजी र 'डेडलिफ्ट'मा १४३ गरी कूल ३४१ केजी भार उठाउनुभएको थियो।

उहाँले उपाधिसँगै नगद रु ८० हजार र रु ५० हजार पर्ने आकर्षक वेल्ट पुरस्कार पाउनुभयो। नेहा ६० केजी तौल मूनीको समूहमासमेत प्रथम स्थान हासिल गर्न सफल भई रु २५ हजार पुरस्कार पाउनुभएको थियो। यसैगरी प्रतियोगितामा ६० केजी मुनिको समूहमा पुनम तामाङ द्वितीय र ज्योति थापा तृतीय स्थान हासिल गर्न सफल हुनुभयो। प्रतियोगिताअन्तर्गत नै भएको ६० केजीभन्दा माथिको समूहमा शर्मिला शाह प्रथम हुनुभयो भने सीमा गुरुङ द्वितीय र कोमल थापाले तृतीय स्थान हासिल गर्नुभयो।

प्रतियोगितामा ६० केजीभन्दा माथिको र ६० केजीभन्दा तल दुवै विधामा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीले क्रमशः रु २५ हजार, रु १५ हजार र रु १० हजार नगद पुरस्कार प्राप्त गरेका थिए। विजयी खेलाडीलाई गण्डकी प्रदेश सरकारका युवा तथा खेलकुदमन्त्री राजीव गुरुङ, आयोजक संस्थाका अध्यक्ष राजकुमार गुरुङ लगायतले पुरस्कार वितरण गर्नुभएको थियो।

# घर जग्गा र विदेश जानेलाई भन्दा उत्पादन क्षेत्रमा सहकारीले लगानी गर्नुपर्छ : मन्त्री बराल

पोखरापत्र संवाददाता
पोखरा, ६ कार्तिक

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले सहकारीहरुले घर जग्गा र विदेश जानेहरुलाई भन्दा उत्पादनशिल क्षेत्रमा लगानी गर्नुपर्ने बताउनु भएको छ।

पोखरा १७ को जागरण कृषि सहकारी संस्थाको शनिबार पोखरामा सम्पन्न भएको चौथो बार्षिक साधारण सभाको उद्घाटन गर्दै मन्त्री बरालले अब सहकारीहरुले रियल स्टेट र विदेश जानेहरुको लागि भन्दा उत्पादनशिल क्षेत्रमा लगानी गर्न बताउनु भएको हो।

अब हरेक सहकारीले कम्तिमा एक सहकारी एक उत्पादनमा जोड दिनुपर्ने बताउदै मन्त्री




बरालले किसानले उत्पादन गरेको बस्तु तथा सेवा सिधै कृषि उपज संकलन केन्द्रमा बिक्रि वितरण गर्ने वातावरण मिलाउनु पर्नेमा जोड दिनु भयो। उहाँले भन्नुभयो "देशलाई आत्मनिर्भर बनाउन अब हरेक सहकारीले आफ्नो माटो सुहाउदो उत्पादन तर्फ केन्द्रित हुनै पर्छ, ठुलो रुपमा कुनै उत्पादन गर्न लागेका सहकारीलाई सरकारले समेत केही न केही सहयोग गर्छ।" बिचौलियाको अन्त्य नगरेसम्म असली किसानले उत्पादन गरेको वस्तुको उचित मुल्य नपाउने उहाँको भनाई थियो।

सहकारीहरुले आफ्नो सिद्धान्त र नाम अनुसारको काम गर्न सुझाव दिदै मन्त्री बरालले सहकारीमा भएको ठुलो पूँजि हाल पनि तरलता अबस्थामा रहेकोले त्यसलाई उत्पादनशिल क्षेत्रमा लगानी गरेर चलायमान बनाउनु पर्ने धारणा व्यक्त गर्नु भयो। गण्डकी प्रदेशलाई आत्मनिर्भर बनाउन प्रदेशको आन्तरिक पुंजि समेत बृद्धि गर्नुपर्ने भएकोले प्रदेश बासी अब उद्यमशिल बन्नु पर्ने मन्त्री बरालले बताउनु भयो।

सहकारीका अध्यक्ष अर्जुन कुमार लामिछानेको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा सहकारीका बरिष्ठ सल्लाहकार युवराज पराजुली, जिल्ला सहकारी संघका कोषाध्यक्ष नवराज बराल, प्रामर्श सहकारीका अध्यक्ष तोयराज गिरी, रामेश्वर सहकारीका सालिकराम भण्डारी, संस्थाका उपाध्यक्ष देविकुमारी थापा, सचिव जयराज पौडेल, सहसचिव भगवती रेग्मी बराल, यूआरएलका संजिव अर्याल, कान्तिपुर डेण्टलकी सिता श्रेष्ठ, शेयर सदस्य दीपेन ढकाल, रुक्माङ्गत भण्डारी विश्वास लगायतले बोलेका थिए।

# बन्दीपुर केबुलकारको 'राइट अफ वे' मा २५७ रूख काटिने

-कृष्ण न्यौपाने
दमौली, ६ कार्तिक (रासस)

तनहुँको पर्यटकीय नगरी बन्दीपुरमा निर्माणाधीन अवस्थामा रहेको केबुलकारको 'राइट अफ वे'मा दुई सय ५७ रूख काटिने भएको छ। केबुलकार निर्माणको लागि त्यसमार्गमा पर्ने रूख काट्न लागिएको हो।

सबडिभिजन वन कार्यालय बन्दीपुरले शुक्रबारदेखि रूख कटानका लागि स्थलगत निरीक्षण सुरु गरेको छ। बन्दीपुर गाउँपालिका-४ स्थित कोच्चो सामुदायिक वनभित्रको दुई सय ५७ रूख काट्न लागिएको सबडिभिजन वन कार्यालय बन्दीपुरका प्रमुख सुरेश भुजेलले जानकारी दिनुभयो। रूख काट्नका लागि वन विभागबाट स्वीकृति प्राप्त भइसकेको छ। "दुई हप्ताभित्र रूख काटेर सकिन्छ, काटेको रूख सामुदायिक वनलाई बुझाउनुपर्छ," उहाँले भन्नुभयो।

आरकेडी रियल स्टेट एन्ड कन्स्ट्रक्सन प्रालि, पन्चासे केबुलकार एन्ड टुर्स प्रालि, टुरिजम इन्भेष्टमेन्ट फन्ड लिमिटेड, बन्दीपुर गाउँपालिका र स्थानीयवासीको लगानीमा केबुलकार परियोजना निर्माणको कामलाई अगाडि बढाइएको छ। लगानीदाता कम्पनी नेपाल र विदेशमा बस्ने नेपालीहरूको कम्पनी हो, जहाँ एक हजार एक सयभन्दा बढी लगानीकर्ता रहेका छन्। बन्दीपुर गाउँपालिका-४ ढूल्डुङ गास्वाँराबाट बरालथोकसम्म जोडिने केबुलकारबाट एसियाकै ठूलो दाबी गरिएको विमलनगर स्थित सिद्धगुफा पनि अवलोकन गर्न सकिनेछ। ढूल्डुङ्गास्वाँराबाट सुरु हुने केबुलकार सिद्धगुफाको छेउ हुँदै बन्दीपुरको उचाइसम्म पुग्नेछ। केबुलकारले एक किलोमिटर छ सय मिटर यात्रा गर्नेछ। विसं २०७५ साउन पहिलो साता शिलान्यास भई विसं २०७७ फागुन १ गते केबुलकार सञ्चालन गर्ने लक्ष्य लिइएको थियो। तर कोभिड-१९ को प्रभावका कारण उक्त लक्ष्य प्रभावित भएको छ। विसं २०७६ चैत दोस्रो साताँदेखि कोभिड-१९ का कारण लकडाउन भएपछि परियोजनाको काम प्रभावित भएको बन्दीपुर केबुलकार एन्ड टुरिजम लिमिटेडका अध्यक्ष रामचन्द्र शर्माले बताउनुभयो। अब विसं २०७९ फागुन १ गते बटम स्टेसनको सम्पूर्ण काम र केबुलकारको सम्पूर्ण काम सकेर व्यावसायिक सञ्चालन गरिने शर्माले जानकारी दिनुभयो।

कम्पनीले विसं २०७९ वैशाख १ गतेदेखि होटेललगायत सम्पूर्ण पूर्वाधार प्याकेजसहित फुलफेजमा पर्यटन पूर्वाधार युक्त केबुलकार परियोजना सञ्चालनमा ल्याउने रणनीति बनाएको थियो। माथिल्लो स्टेसनको बहुआयामिक चारतारे होटेलसहितको निर्माण सम्पन्न गरी विसं २०८० असोज १ गते परियोजना मूल योजना सञ्चालनमा ल्याउने तयारी गरिएको छ।

तर कम्पनीले त्यस भन्दा अगावै विसं २०७८ फागुन १ गते रेष्ट्रो जोन जोन सञ्चालनमा ल्याउने भएको छ। "केबुलकारभित्र रेष्टोको सुविधा प्रत्येक आकर्षण र हट प्रडक्ट बन्छ, प्रत्येक दिनको अफ आवर साँझ ५ देखि ९ बजेसम्म यो सेवा दिने तयारीमा छौँ," शर्माले भन्नुभयो। उहाँका अनुसार तल्लो र माथिल्लो स्टेसनमा रेष्टुरेन्ट हुने भएकाले रेष्टो प्याकेजमा सेवा दिन सकेन्छ। परियोजनाको कूल लागत रु दुई अर्ब दश करोड पुगेको छ। मोनोकेबल डिटाचवेल रोटेटिङ गोण्डोला प्रविधिमा आधारित १९ गोण्डालामार्फत प्रतिघण्टा तीन सय यात्रीहरू बोक्न सक्ने क्षमता रहे पनि त्यसलाई विस्तार गरिएको छ। बजारको माग र चापका कारण यसलाई विस्तारित गर्दै २५ वटा गोन्डोला मेटेरियल क्याबिनसहित प्रतिघण्टा पाँच सय यात्रुहरू बोक्ने र दैनिक १६ घण्टामाथि सेवा दिन सक्ने गरी अत्याधुनिक प्रविधि जडान गरी पूर्वाधार थप गरिने कम्पनीले जनाएको छ। यहाँ ल्यान्डस्क्यापिङ र कृत्रिम झरना पनि बनाइनेछ। बन्दीपुरको ऐतिहासिकता झल्कने गरी बन्दीपुर घडी : बन्दिपुर गार्डेन बनाउने लक्ष्य लिइएको छ। यस गार्डेनभित्र बटम स्टेसनको पाँच तला माथिबाट पानीको आकर्षक झरना बनाइनेछ। यसले पर्यटकलाई लोभ्याउने विश्वास गरिएको शर्माले बताउनुभयो।

यसैगरी वाटर पार्क, म्युजिकल वाटर शो बनाउने लक्ष्य छ। माथिल्लो स्टेसनमा नौतल्ले चारतारे होटेल बन्नेछ। यसअगाडि ६६ कोठा रहे पनि अब त्यसलाई बढाएर ८४ देखि एक सयसम्मका स्तरोन्नत गरिनेछ। होटेललाई निश्चित समय र व्यवस्थापन पार गरेर चारतारेबाट पाँचतारे होटेलमा रुपान्तरण गर्ने गरी रणनीतिक तयारी थालिएको कम्पनीका सञ्चालक तारानाथ उपाध्यायले जानकारी दिनुभयो। एक अर्ब अधिकृत पूँजी रहेको कम्पनीको जारी पूँजी रु ७५ करोड र चुक्ता पूँजी रु २० करोड रहेकामा त्यसलाई बढाएर रु ९० करोड पुऱ्याउने लक्ष्य लिइएको छ।

# तिहारलाई ५० हजारभन्दा बढी सयपत्री फूलको माला आयात हुँदै

-शर्मिला पाठक
काठमाडौँ, ६ कार्तिक (रासस)

स्वदेशी उत्पादनले धान्न नसकेका कारण विगतभैंm यस वर्ष पनि तिहारका लागि ५० हजारभन्दा बढी सयपत्री फूलको माला आयात हुने भएको छ।

फूलको माग बढे पनि स्वदेशी उत्पादनको मात्रा बढ्न नसक्दा उक्त परिमाणको माला आयात गर्नुपरेको हो। बेमौसमी अविरल वर्षाका कारण टिप्ने बेलामा फूल नष्ट भएकाले भारतबाट फूलको माला आयात गर्ने तयारी रहेको बताइएको छ। फूल मालाको अभाव हुन नदिन भारतबाट आयात गर्न पुष्प व्यवसायी लागिपरेका छन्। नेपालमा हरेक वर्ष १५ देखि २० प्रतिशतका दरले फूलको माग बढ्दै गएको तथ्याङ्क छ। उत्पादन क्षमता गुणात्मक वृद्धि भए अन्य देशको भर पर्नु नपर्ने व्यवसायी बताउँछन्। गत वर्षको तिहारमा भारतबाट दुई लाख सयपत्री माला ल्याइएको थियो। फूल उत्पादनमा कमी आए पनि यस वर्ष माग भने बढेको छ। कोरोना भाइरस सङ्क्रमण जोखिमका कारण यस क्षेत्रका व्यवसायीले विगतका वर्षमा भैंm लगानी नगरेकाले फूल उत्पादनमा कमी आएको हो। फ्लोरिकल्चर एसोसिएसन नेपालका अध्यक्ष मीनबहादुर तामाङले फूल लगाउने समय फागुनदेखि साउनसम्म रहेको र उक्त समयमा कोरोना भाइरस सङ्क्रमण जोखिम कारण व्यवसायीले लगानी गर्न सकेका थिएनन्, जसको असर फूल उत्पादनमा पनि देखिएको छ भन्नुभयो। "यस वर्ष बजार माग बढेको छ", उहाँले भन्नुभयो, "माग बढी र उत्पादन कम भएपछि यस वर्ष तिहारको समयमा भारतबाट सयपत्री फूलको माला विगत वर्षको तुलनामा धेरै ल्याउन लागिएको हो।" यस वर्षको तिहारमा १८ लाख ५० हजार मालाको माग छ। तीमध्ये १५ लाख ५० हजार सयपत्री र तीन लाख मखमली एवम् गोदावरी फूलको माला रहेका छन्। माग बढी र अन्यत्रबाट गत वर्षभन्दा बढी फूल आयात गर्नुपर्ने भएकाले यस वर्ष मूल्यमा वृद्धि हुने बताइएको छ। एक मिटर सयपत्री फूलको मालाको मूल्य रु ६० देखि ७० सम्म पर्नेछ। यस वर्ष विगत दुई वर्षको तुलनामा १५ प्रतिशत फूलको माग बढी छ। भारतबाट ल्याइने फूल तिहार सुरु हुन तीन दिन बाँकी रहँदा नेपाल आइपुग्नेछ।

लामो समयदेखि कोरोना भाइरस सङ्क्रमणका कारण दैनिक रु एक करोडको नोक्सान व्यहोरिरहेको पुष्प व्यवसायले अहिले दैनिक करिब रु ७० लाखको कारोबार गर्न थालेको छ। कोरोना महामारी हुनुभन्दा पहिले असोजदेखि फागुन महिना फूलको बढी कारोबार हुने मौसम हो। अहिले राम्रोसँग कारोबार हुने समय पनि भएको र कोरोना सङ्क्रमण पनि बिस्तारै न्यून हुँदै गइरहेकाले यस व्यवसायले गति समाएको हो। कोरोना महामारीको एकपछि अर्को लहर आउँदा यस व्यवसायले विगत डेढ वर्षदेखि नै राम्रो आम्दानी गर्न नसके पनि पछिल्लो समय बिस्तारै तङ्ग्रिन थालेको हो। त्रासकै बीच लामो समयदेखि बन्द रहेको अन्य केही व्यवसाय बिस्तारै खुला हुन थालेसँगै यस व्यवसायले पनि लय समातेको हो। पछिल्ला वर्षमा सयपत्री फूलमा देश आत्मनिर्भर हुँदै गएको छ। मुख्यगरी तिहारमा प्रयोग हुने सयपत्री, मखमली र गोदावरी फूलमध्ये केही सयपत्री फूलको माला भारतबाट ल्याउने गरिएको छ। अहिले स्वदेशमै ९५ प्रतिशत फूल उत्पादन हुन थाले पनि यस वर्ष भने उत्पादनमा कमी हुने अनुमान छ। केही वर्षयता वार्षिक रु तीन अर्ब मूल्य बराबरका फूलको कारोबार हुने गरेको थियो। तिहार र अन्य मौसममा रु ११ करोड मूल्य बराबरको फूल विदेशबाट आयात हुँदै आएको छ। असोजदेखि फागुनसम्म विभिन्न चाडबाड र विवाहको मौसम पर्ने हुँदा फूल बढी प्रयोग हुने गर्दछ। फूलको मागमा आएको वृद्धिसँगै विशेषगरी काठमाडौँ, ललितपुर, भक्तपुर, कास्की, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, गुल्मी, पाल्पा, धादिङ, मोरङलगायत ४१ जिल्लामा पुष्पखेती विस्तार भइसकेको छ। नेपालमा हाल व्यावसायिक रुपमा ४५० प्रजातिका फूल उत्पादन हुँदै आएको छ। नेपालमा लगभग १५७ हेक्टर क्षेत्रफलमा ७०० व्यवसायीले यसको खेती गर्दै आएका छन्।

# गोठ रित्तिँदै जान थालेपछि सामूहिकरुपमा भैँसीपालन अभियान

-तोलाकान्त बगाले
वालिङ, ६ कार्तिक (रासस)

यहाँका गाउँले सामूहिकरुपमा भैँसीपालन व्यवसायतर्फ जुटेका छन्। स्याङ्जाको वालिङ नगरपालिका-८ बगालथोक गाउँका स्थानीयवासी एकजुट भएर समूह दर्ता गरी सोही समूहमार्फत भैँसीपालन थालेका हुन्।

गाउँलेले वालिङ नगरपालिकामा २०७६ को अत्यतिर 'नवदुर्गा दुग्ध उत्पादक समूह' दर्ता गरेर २०७७ को सुरुआतसँगै भैँसी पाल्न थालेको अध्यक्ष रीमाकान्ती बगालेले बताउनुभयो। तीस घरधुरी रहेको उक्त गाउँका घरमा क्रमशः गोठ रित्तै हुँदै गएकाले समूहमार्फत भैँसीपालन अगाडि बढाउने निर्णय गरेर गत वर्षदेखि भैँसीपालन गर्दै आएको समूहका अध्यक्ष बगाले बताउनुहुन्छ। "गाउँमा रहेका ३० घरधुरीलाई नै समेट्ने गरी समूह दर्ता गरे पनि सुरुआतको चरणमा सबै जना सहभागी हुनुभएको छैन", अध्यक्ष बगालेले भन्नुभयो, "अहिले बाँकी रहनुभएका पनि समूहमा आबद्ध हुन इच्छा जनाउनुभएकाले उहाँहरुलाई पनि प्रक्रिया पुऱ्याएर सहभागी गराउने छौँ।" सुरुआतको चरणमा गत वर्ष १४ जनाले जनही रु तीन लाखका दरले रु २१ लाख र समूहमार्फत रु ३० लाख कर्जा लिएर झण्डै रु ५१ लाख लगानीमा भैँसीपालन थालिएको हो। "पछिल्लो समय घर/घरमा रहेका गोठ रित्तिँदै जान थालेपछि सामूहिकरुपमा भैँसीपालन अभियान अगाडि बढायौँ", उपाध्यक्ष प्रदीप बगालेले भन्नुभयो, "तीस घरमा एक/दुई वटा भैँसी प्रत्येकका घरमा हुन्थे, तर अहिले पाल्न छाडेर जम्मा छ/सात घरमा मात्रै छ, उहाँहरु पनि क्रमशः छोड्ने तयारीमा हुनुहुन्छ।" दूध नभई नहुने तर भैँसी पाल्न सक्ने अवस्था घर/घरमा नदेखिएपछि सामूहिकताको अवधारणा अगाडि बढाइएको उपाध्यक्ष प्रदीपले बताउनुभयो। गाउँका सबै घर समूहमा आबद्ध हुने भएपछि भैँसीपालनका लागि आवश्यक पर्ने घाँसपात लगाउन, गोठ निर्माण गर्न, आवश्यक भौतिक पूर्वाधार निर्माण गर्न सहज हुनुका साथै समूहमा काम गर्दा सीप आदानप्रदान हुने भएकाले पनि सहज हुने गरेको अनुभव उहाँहरूको छ।"अहिले प्रत्येक घरमा रहेका गोठ विस्थापित गरी सबै घरमा बगैँचा वा करेसाबारी निर्माण गर्ने योजनामा छौँ", उपाध्यक्ष प्रदीपले भन्नुभयो, "एक्ला एक्लैभन्दा पनि समूहमार्फत काम गर्न सहज हुने रहेछ, आफ्नो खेतबारीको घाँस यहीँ काम लाग्ने र यहाँ उत्पादन भएको दूध, मल आफैँले पाइने भएपछि गाउँले उत्साहित पनि हुनुहुन्छ।" सुरुमा १४ वटा उन्नत जातका भैँसीबाट सुरु भएको समूहमा अहिले सानाठूला गरी २९ वटा गाईभैँसी छन्। उक्त समूहले नेपाल लाइभ सेक्टर इनोभेसन आयोजना, विकेन्द्रित आयोजना एकाइ पोखराको सहयोगमा उन्नत गाईभैँसी पालन तथा दुग्ध उत्पादन उपआयोजना सञ्चालनको तयारीमा छ। समूहले उन्नत गाईभैँसी पालन, खरिद तथा दुग्ध उत्पादन, आधुनिक गोठ निर्माण, आधुनिक औजार तथा मेसिन, उपकरण खरिद, खाद्यान्न गोदाम घर निर्माण, बायोग्यास प्लान्ट निर्माणलगायतका कार्य उपआयोजनाअन्तर्गत गर्न लागेको समूहका प्रबन्धक भरत बगालेले जानकारी दिनुभयो। नेपाल सरकार, प्रभु बैंक र समूहको गरी कूल रु एक करोड ४८ लाख ६१ हजार २७२ को लागत साझेदारीमा आगामी असार मसान्तसम्ममा उपआयोजना सम्पन्न गरिसक्नुपर्ने छ। हाल दैनिक करिब ९० लिटर दूध उत्पादन हुँदै आएको छ। यस समूहमार्फत गत वर्ष २७ हजार लिटर दूध संस्थाबाटै बिक्री भएको प्रबन्धक भरतले बताउनुभयो। "उपआयोजनाअन्तर्गत हामी अझै विस्तृत र फराकिलो तबरले अगाडि बढ्दै छौँ", प्रबन्धक भरतले भन्नुभयो, "हामीले थप गोठ निर्माण गर्नुकासाथै उन्नत जातका ७० वटा गाईभैँसी थपेर दूधको उत्पादनमा जोड दिन्छौँ भने त्यसका लागि आवश्यक पर्ने पूर्वाधार र घाँस, दाना, आधुनिक मेसिन, औजारको पनि व्यवस्था गर्नेछौँ।"

उपआयोजनाअन्तर्गत बायोग्यास प्लान्ट निर्माण गरी केही घरमा जडान गर्ने तयारीमा रहेकाले यो नमूनाको रुपमा अगाडि बढ्नेमा आफूहरू विश्वस्त रहेको व्यवस्थापक भरतको भनाइ छ। गाउँले सबै मिलेर सामूहिकरुपमा गाईभैँसीपालनतर्फ लाग्नुभएकाले यो एउटा नयाँ र नमूनाको रुपमा अगाडि बढेको अभियानका रुपमा आफूले लिएको वडा नं ८ का वडाध्यक्ष कमलप्रसाद सुवेदीले बताउनुभयो। "यस प्रकारको नयाँ र नौलो कार्य वडाका लागि पनि गौरवको विषय हो", वडा अध्यक्ष सुवेदीले भन्नुभयो, "अर्कोतर्फ स्थानीय बजारमा दूधको अत्यधिक माग भइरहेकाले खपतको पनि कुनै समस्या हुँदैन।" व्यवसाय सञ्चालनका क्रममा आइपर्ने समस्याको समाधानका लागि वडा तथा नगरपालिका किसानसँगै रहेको वडाध्यक्ष सुवेदीले बताउनुभयो। किसानका समस्याप्रति वडा तथा नगरपालिका समाधानका लागि तत्पर रहेकाले ढुक्क भएर अगाडि बढ्न सुझाव दिँदै कुनै समस्या भएमा तत्काल खबर गर्न पनि उहाँले आग्रह गर्नुभयो।

# शैक्षिक बेरोजगार न्यूनीकरणका लागि लोकसेवाको तयारी कक्षा

पोखरापत्र संवाददाता
वालिङ, ६ कार्तिक

स्मार्ट सिटीको अवधारणामा अगाडि बढ्दै गरेको स्याङ्जाको वालिङ नगरपालिकाले लोकसेवा आयोगको निःशुल्क तयारी कक्षा प्रशिक्षण सुरु गरेको छ।

नगरपालिकाले शैक्षिक बेरोजगार न्यूनीकरणमा जोड दिँदै शुक्रबारबाट स्वास्थ्य सेवातर्फ अहेब/अनमीको एकमहिने निःशुल्क तयारी कक्षा प्रशिक्षण सुरु गरेको हो। 'मानव संशाधनको विकास समृद्धिको निकासःसमृद्ध स्मार्ट वालिङ निर्माणको आधार, शून्य शैक्षिक बेरोजगार' भन्ने मूल नारालाई आत्मसात् गर्दै नगरपालिकाले तयारी कक्षा सञ्चालन सुरु गरेको नगरप्रमुख दिलीपप्रताप खाँणले बताउनुभयो। "सरकारी सेवामा स्याङ्जा जिल्लाको छुट्टै पहिचान छ, त्यसलाई अझै पुष्टि गर्नुका साथै पहिचानलाई जोगाइराख्नका लागि पनि हामीले निःशुल्क तयारी कक्षा सञ्चालन गरेका हौँ", उहाँले भन्नुभयो, "आगामी दिनमा वालिङका कर्मचारीलाई सरकारी सेवामा बढीभन्दा बढी उत्तीर्ण बनाउने लक्ष्यसहित अगाडि बढेका छौँ।" नगरपालिकाले लोकसेवा आयोगले हाल माग गरेको अहेब/अनमी पदलाई लक्षित गरी तयारी कक्षा सञ्चालन गरेको हो। यसअघि गत वर्ष नगरपालिकाले निःशुल्करूपमा नायब सुब्बा र खरिदारको तयारीका लागि प्रशिक्षण कक्षा सञ्चालन गरेको थियो। "पहिलो चरणमा नायब सुब्बा र खरिदारलाई लक्षित गरी निःशुल्करूपमा तयारी



कक्षा सञ्चालन गऱ्यौँ", प्रमुख खाँणले भन्नुभयो, "त्यसको उपलब्धि राम्रो देखियो, तयारी कक्षा सञ्चालनको प्रभावकारिता राम्रो भएकाले यसपटक प्राविधिक धारतर्फको स्वास्थ्य सेवाको अहेब र अनमीका लागि तयारी कक्षा सञ्चालन सुरु गरेका हौँ।"

नगरपालिकाले आगामी दिनमा बैंकिङ, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेनामा प्रवेश गर्न चाहनेका लागि पनि गर्नुपर्ने सैद्धान्तिक तथा प्रयोगात्मक कक्षा सञ्चालन गर्ने तयारी गरिरहेको प्रमुख खाँणले जानकारी दिनुभयो। नगरभित्रका शिक्षित युवायुवतीलाई लक्षित गरिएको यस अभियानमार्फत शैक्षिक बेरोजगारी हटेर जाने नगर उपप्रमुख कल्पना तिवारीले दाबी गर्नुभयो। नेपाल सरकारका विभिन्न परीक्षामा यहाँको जनशक्ति उत्कृष्ट भई सरकारी सेवामा कार्यरत हुनका लागि सघाउ पुग्ने विश्वास नगरपालिकाले लिएको उपप्रमुख तिवारीको भनाइ छ।

नगरभित्र रहेका शैक्षिक बेरोजगार जनशक्तिका लागि लोकसेवा आयोगको तयारीका लागि टाढाटाढा जानुपर्ने बाध्यता हटेर जाने र आफ्नै ठाउँमा निःशुल्क अध्ययन गर्न पाउने भएकाले पनि इच्छुकका लागि उपयोगी हुने शिक्षा शाखा प्रमुख बाबुराम सापकोटाले बताउनुभयो। तयारी कक्षा सञ्चालनका लागि काठमाडौँ, पोखरा तथा वालिङमै लामो समयसम्म अनुभव प्राप्त प्रशिक्षकमार्फत सैद्धान्तिक र प्रयोगात्मक कक्षा सञ्चालन गर्ने वालिङ नगरपालिका स्वास्थ्य शाखा प्रमुख कमलप्रसाद पाण्डेले बताउनुभयो। लोकसेवा आयोगले तयार पारेको तथा सम्भावित पाठ्यक्रमका आधारमा तयारी कक्षा सञ्चालन हुनेछ। यो अभियान नगरपालिकामै पहिलो भएको उहाँको दाबी छ। तयारी कक्षा सञ्चालनका लागि प्राप्त भएका आवेदनका आधारमा हाल ८० जना महिला पुरुष प्रशिक्षार्थी सहभागी छन्।

रक्तदान
जीवनदान